अर्थ समितिद्वारा चारवटा उपसमिति गठन

समग्र आर्थिक क्षेत्रको सुधारका लागि सुझाव दिने

अर्थ समितिको बैठकले राजस्व चुहावट, राजस्व वक्यौता र राजस्व प्रसासन, सार्वजनिक खर्च, लगानी र राष्ट्रिय गौरवका आयोजना अध्ययन, बैंक तथा वित्तीय संस्था अध्ययन र समष्टिगत आर्थिक नीति तथा अध्ययन उपसमितिहरू गठन गरेको हो। उपसमितिहरूले कार्य प्रारम्भ भएको आगामी ४ महिनाभित्र विषयगत अध्ययन गरी सो को प्रतिवेदन समितिमा पेश गर्नुपर्नेछ।

हिमालय टाइम्स
काठमाडौं, ७ असोज

संघीय संसदको अर्थ समितिले विभिन्न चारवटा उपसमिति गठन गरेको छ। कर, राजस्वका साथै समग्र अर्थतन्त्र सुधारका लागि अवलम्बन गरिनुपर्ने नीतिगत र प्रक्रियागत व्यवस्थाबारे सरकारलाई सुझाव दिन गरी मंगलबार उपसमिति गठन गरेको हो।

समितिको मंगलबारको बैठकले राजस्व चुहावट, राजस्व बक्यौता र राजस्व प्रशासन, सार्वजनिक खर्च, लगानी र राष्ट्रिय गौरवका आयोजना अध्ययन, बैंक तथा वित्तीय संस्था अध्ययन र समष्टिगत आर्थिक नीति तथा अध्ययन उपसमितिहरू गठन गरेको हो। उपसमितिहरूले कार्य प्रारम्भ भएको आगामी ४ महिनाभित्र विषयगत अध्ययन गरी सो को प्रतिवेदन समितिमा पेश गर्नुपर्नेछ।

समितिले गठन गरेको राजस्व चुहावट, राजस्व वक्यौता र राजस्व प्रसानि अध्ययन उपसमितिको संयोजकमा सांसद पदम गिरी रहनुभएको छ भने सदस्यहरूमा गोकर्ण विष्ट, जयकुमार राई, रामकुमारी झाँक्री, रामबाबुकुमार यादव र शशांक कोइराला रहनुभएको छ। उपसमितिले नेपालको वर्तमान राजस्व नीतिको अध्ययन गरी आवश्यक नीतिगत सुधारका लागि सुझाव प्रस्तुत गर्नेछ। त्यस्तै कर कानुनका छिद्र प्रयोग गरी ट्याक्स इन्भासिन गर्ने क्षेत्रलाई नियन्त्रण गर्न आवश्यक सुझाव प्रस्तुत गनेछ भने आर्थिक क्रियाकलापमा भएको परिवर्तनसँग नयाँ कराधारको क्षेत्र अध्ययन गरी सोहीअनुरूप आवश्यक सुधारका लागि सिफारिश गर्नेछ।

त्यस्तै राजस्व चुहावटका क्षेत्र पहिचान गरी चुहावट नियन्त्रणका लागि चाल्नुपर्ने कदमबारे सिफारिश गर्नेछ भने अन्तर्राष्ट्रिय सन्दर्भसहित राजस्वका दरको अध्ययन गरी नेपालमा लागू गर्नुपर्ने दर र दायरा विस्तार गर्न लागू गर्नुपर्ने नीतिहरू सिफारिश गर्नेछ। तीन तहका सरकारका राजस्व अधिकार, व्यवस्थापन र समस्या पहिचना गरी व्यवस्थित गर्न अवलम्नव गर्नुपर्ने सुझाव दिनेछ भने राजस्व प्रसशानप्रति राजस्वदाताको बुझाइ र धारणा अध्ययन गरी सकारात्मक सोचको विकासका लागि गर्नुपर्ने सुधारका उपाय सिफारिश गर्नेछ।

त्यसैगरी कर परिपालना, राजस्व बक्यौता, मुद्दामामिला र फैसलालगायत विषय अध्ययन गरी सुधारका लागि सिफारिश गर्नेछ भने राजस्व प्रसासन, कर अधिकृत, लेखापरीक्षक र व्यावसायिक स्वच्छता, पारदर्शिता र जवाफदेहीता प्रवर्द्धनका लागि अवलम्बन गर्नुपर्ने उपाय सिफारिश गर्नेछ भने कोरोनापछिको अवस्थामा राजस्व संरचना र व्यवस्थापनमा आउनसक्ने परिवर्तन र चुनौती सम्वोधन गर्न अन्तर्राष्ट्रिय अभ्यासको समेत समीक्षा गरी नेपालको राजस्व क्षमता अभिवृद्धिका लागि अवलम्बन गरिनुपर्ने उपायहरू सिफारिश गर्नुका साथै अध्ययनका क्रममा आवश्यक देखिएका विषय क्षेत्रसँग सम्बन्धित अन्य विषयमा पनि सुझाव दिनेछ।

त्यस्तै सार्वजनिक खर्च, खरिद, लगानी र राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमितिको संयोजकमा सत्य पहाडी रहनुभएको छ भने सदस्यहरूमा चुडामणी खड्का, निरादेवी जैरु, डा. बाबुराम भट्टराई, विष्णुप्रसाद पौडेल र सरवुत आरा खानम हलवाइनी रहनुभएको छ।

उपसमितिले नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी आवश्यक नीतिगत, कानुनी, संरचनात्मक, कार्यविधिगत, व्यवस्थापकीय, कार्यशैलीगत र अन्य आवश्यक सुधारका लागि सिफारिश गर्ने, सार्वजनिक खर्चको प्राथमिकमीकरणलगायत खर्च व्यवस्थापनमा देखिएका समस्या पहिचान गरी पुँजीगत खर्च समयबद्ध रूपमा लक्ष्यअनुरूप गर्न र चालु खर्च न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने सुझाव दिनेछ।

त्यस्तै नेपालमा आन्तरिक र बाह्य लगानी भित्र्याउन हालसम्म भएका प्रयासको विश्लेषणका आधारमा लगानीका समस्याको पहिचान गरी लगानी प्रवर्द्धनका लागि सुधार गर्नुपर्ने नीतिगत, कानुनी, संरचनागत, व्यवस्थापकीय, कार्याशैलीगत र प्रक्रियागत पक्ष, विश्वव्यापीरूपमा लगानीका क्षेत्र र भूगोल परिवर्तन भएको सन्दर्भमा नेपालमा कोरोनापछि लगानीका नयाँ क्षेत्र पहिचान गरी नयाँ सन्दर्भ लगानीका क्षेत्रहरूको सिफारिश गर्नेछ। त्यस्तै बैंक तथा वित्तीय संस्था अध्ययन उपसमिति संयोजकमा जुलिकुमारी महतो रहनुभएको छ भने सदस्यमा तुल्सी थापा, प्रमिला राई, महन्थ ठाकुर, श्यामकुमार श्रेष्ठ र हेमकुमार राई रहनुभएको छ।

त्यसैगरी समष्ठिगत आर्थिक नीति अध्ययन उपसमितिको संयोजकमा मेटमणि चौधरी, किशोरसिंह राठौर, सुरेन्द्रप्रसाद पाण्डे, हरिराज अधिकारी र ज्ञानेन्द्रबहादुर कार्की रहनुभएको समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी दिनुभएको छ।

लम्पी स्किनको प्रकोपमा रामेछाप र सिन्धुलीका ४२६ पशु

राधिका बुढाथोकी/हिटा
सिन्धुली, ७ असोज

किसानले पालेका पशुमा लम्पी स्किन रोगको प्रकोप देखिएको छ। सिन्धुलीका ३६६ र रामेछापका ६० वटा पशुमा यस्तो भेटिएको भेटेरीनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले जनाएको छ।

सिन्धुलीका चारवटा पालिकामा र रामेछापको एउटा नगरपालिकामा रोग देखिएको पशुसेवाविज्ञ केन्द्रका वरिष्ठ चिकित्सक गौरीमान श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा बढी सिन्धुलीको दुधौली नगरपालिकामा २७९ वटा पशुमा लम्पी संक्रमण भएको छ। संक्रमित हुनेमा २६० गाई, गोरु र १९ भैंसी छन्। कमलामाई नगरपालिकामा २६, तीनपाटन गाउँपालिकामा २६ र हरिहरपुरगढी गाउँपालिकामा १६ गाई, गोरुमा संक्रमण भएको छ। यस्तै रामेछापको मन्थली नगरपालिकामा ६० वटा पशुमा लम्पी स्किन संक्रमण उहाँले जानकारी दिनुभयो।

उक्त नगरपालिकाको वडा १,२,६ र ७ का पशुमा रोग देखिएको छ। केन्द्रका वरिष्ठ चिकित्सक श्रेष्ठले भन्नुभयो, 'यहाँ उन्नत जातका पशुमामात्र लम्पीस्किन संक्रमण भएको पाइएको छ।'

उहाँका अनुसार संक्रमित पशुको शरीरमा १० देखि ५० मिलिमिटरसम्मका डल्ला देखिने, फिज निकाल्नेलगायत समस्या देखिएको छ। 'यो रोगलाग्दा सुरुमा १० सय ४ डिग्री फरेननाइटसम्मको उच्च ज्वरो आउने, दूध दिने पशु छ भने ८० प्रतिशतसम्म उत्पादन घट्ने, गर्भिणी पशुको गर्भ तुहिने सम्भावना रहन्छ', उहाँले भन्नुभयो।

संक्रमित पशु निको भए पनि बाँझोपन देखिनसक्ने उहाँको भनाइ छ। २० प्रतिशतसम्म पशु बिरामी हुने तर १ देखि ५ प्रतिशतसम्म मात्रै मृत्यु हुने गरेको उहाँले जानकारी दिनुभयो।

माउण्टेन ड्यु पब्जीको प्रायोजक

काठामडौं/हिटा। माउण्टेन ड्युको स्पोर्ट्स र गेमिङ उद्योग तथा संस्कृतिमा जरैसम्म पहुँच रहेको कम्पनीको दावी छ। उक्त ब्राण्डले विश्वमै सबैभन्दा लोकप्रिय रहेको मोबाइल खेलमध्येको एक पब्जी मोबाइलसँग विश्वव्यापी साझेदारीको घोषणागरेलगत्तै अर्को नयाँ मैदान खुला गरेको छ। यस प्रकारको कदमले माउण्टेन ड्युद्वारा चलाइएका अभियानमा स्पोर्ट्सका व्यावसायिक खेलाडी र प्रशंसकका अन्य पुस्तामाझ पुग्दै गेमिङ उद्योगमा नवीनता र उत्साह जागृत गर्न अर्को महत्त्वपूर्ण चरणको संकेत गरेको कम्पनीको भनाइ छ।

नेपाललगायत तोकिएका अन्तर्राष्ट्रिय बजारमा प्रशंसकहरूले विशेष चिन्ह अकित माउण्टेन ड्यु उत्पादन खरिदमा इन-गेम पुरस्कार र रिवार्ड खोल्न सक्ने कम्पनीले जनाएको छ।

ड्रयागन फ्रुटको स्रोत बगैंचा निर्माण हुँदै

सुशील सुवेदी
स्याङ्जा, ७ असोज

सिउँडी प्रजातिको नौलो फल ड्रयागन फ्रुट नेपालमा पनि लोकप्रिय हुन थालेको छ। दक्षिण अमेरिकाको मेक्सिबाट उत्पत्ति भएको यो फललाइ स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले स्रोत बगैंचाका रूपमा विकास गर्न थालेको छ।

पालिकाको पहिचान नै यस फलबाट बनाउने उद्देश्यले स्रोत बगैंचा स्थापना गर्दै प्रत्येक किसानलाइ बिरुवा वितरण गर्न बगैंचाको निर्माण गरिएको हो। बगैंचाबाट आगामी वर्ष १० हजार विरुवा उत्पादन हुने र कृषकलाई वितरण गरिने गाउँपालिका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो।

कालीगण्डकी गाउँपालिकाले ४ नम्बर वडामा स्रोत बगैंचाका रूपमा विकास गर्दै गरेको ड्रयागन फ्रुटको बगैंचा।

बाँदर समस्यामा रहेका किसानलाई यो खेती फलदायी हुने बताउँदै थापाले भन्नुभयो, 'नयाँ फलको बजार मूल्य, अत्याधिक माग र हाम्रो भूगोलमा सम्भावना देख्यौं र पालिकाको पहिचान ड्रयागन फ्रुट बनाउने गरि अभियान सुरु गरेका छौं।' माटो परीक्षणपछि ड्रयागन फलफूलको सम्भावना देखेपछि पालिकाले मुख्य खेती ड्रयागन फलफूल बनाउन अभियान सुरु गरेको हो। यस खेतीबाट राम्रो आम्दानी हुने भएपछि कृषक उत्साहित भएको गाउँपालिका उपाध्यक्ष सावित्रा कोइरालाले बताउनुभयो।

संघीय सरकारअन्तर्गत भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको ४० लाख र स्थानीय तहको १० लाखको लागतमा पालिकाले २४ रोपनी जग्गा १५ वर्षका लागि भाडामा लिएर बगैंचा निर्माण गरेको हो। कृषकले वार्षिक २ हजारदेखि २२ सय रुपैयाँप्रति रोपनी भाडामा दिएका छन्।

यो खेतीलाई पहिलो चरणमा वडा-५ मा परीक्षण गरिएको थियो। नौलो फलपूल ड्रयागनलाइ कालिगण्डकीले महत्त्वपूर्ण नगदे बाली बनाउने भएपछि बाँदर आतंकले पीडित कृषकलाई केही राहत मिल्ने विश्वास लिइएको छ।

प्याजको व्यावसायिक खेती गर्नेले राज्यबाट सहयोग पाएनन्

सुदीप भण्डारी/हिटा
बुटवल, ७ असोज

भारतले अहिले प्याज निर्यातमा रोक लगाएपछि नेपालमा मूल्य अकासिएको छ। बजारमा १२० रुपैयाँसम्म तिरेर उपभोक्ताले प्याज किन्नुपरेको छ। गत वर्ष पनि प्याजको अभाव र मूल्य बृद्धिको अवस्था यस्तै थियो। प्याजमा नेपाल परनिर्भर छ। ९० प्रतिशत बाहिरबाटै आयात गर्नुपर्छ। तर, सरकारले प्याज खेतीको विशेष कार्यक्रम ल्याउन सकेको छैन। रुपन्देहीमा प्याजको व्यावसायिक खेती गरिरहेकाहरूले पनि कुनै सहयोग पाएका छैनन्।

रुपन्देहीको लुम्बिनी सांस्कृतीक नगरपालिका-१२ को भबइ टोल व्यावसायिक प्याज खेती हुने ठाउँ हो। डेढ सय घरधुरी रहेको यस टोलमा सबै घरमा प्याज खेती हुने गरेको छ। एउटा परिवारले कम्तीमा पनि दुई कठ्ठादेखि १० कठ्ठासम्मको जग्गामा प्याज खेती गरेका छन्।

व्यावसायिक रूपमा तरकारी खेती गर्दा राज्यबाट केही सहयोग नपाएको किसानको गुनासो छ। 'गाउँपालिकाले प्राविधिक सल्लाह दिने गरेको छ। प्रदेश र केन्द्र सरकारबाट केही पाएका छैनौं' स्थानीय कृषक प्रकाश गुप्ताले भन्नुभयो 'अनुदान पाइन्छ कि भनेर परासीमा पनि फारम भरेर पठायौं, परेन। यस वर्ष पनि भर्न पर्ला पर्छ कि पर्दैन थाहा छैन।' परासीमा पश्चिम नवलपरासी र रुपन्देही हेर्ने गरी कृषि ज्ञान केन्द्र छ। गुप्ताले अघिल्लो वर्ष १० कठ्ठामा प्याजको खेती गर्नुभएको थियो। उत्पादन हुने बेला बैशाखमा वर्षा भएकाले धेरै प्याज कुहिएको उहाँले बताउनुभयो। 'केही प्याज त बजारमा लगेर बेचें, आठ दश क्वीन्टल त कुहियो।' उहाँले गुनासो गर्नुभयो 'पानीले घाटा लाग्यो, खै यसपटक थोरैमा लगाउने कि भन्ने सोचेको छु।' सरकारले अनुदान सहयोग गरे आफूहरू प्याज खेतीमा ढुक्क हुने गुप्ताको भनाइ छ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका कृषि विकास अधिकृत अब्दुल जलिल मुसलमानले नगरपालिका क्षेत्रमा कुल ९० विघा जतिमा प्याज खेती हुने गरेको बताउनुभयो। '१२ नम्बर वडामा बढी छ। अरु वडामा पनि फाट्टफुट्ट छ।' उहाँले भन्नुभयो 'यता राम्रो उत्पादन हुन्छ। प्रतिकठ्ठा १० क्वीन्टल किसानहरूले उमार्छन्।' तर प्याजको लागि किसानहरूको लागि खास कार्यक्रम भने नआएको जलिलले बताउनुभयो। 'नगरपालिकाबाट फाट्टफुट्ट बीउ वितरण भएको थियो। माथिबाट केही कार्यक्रम आएको छैन।' उहाँले भन्नुभयो।

तरकारीको पकेट क्षेत्र मानिएको अर्को स्थानीय तह गैडहवा गाउँपालिकामा पनि प्याज खेतीको लागि सरकारी तवरबाट किसानहरूले केही सहयोग पाएका छैनन्। गाउँपालिकाकी कृषि प्राविधिक टीका अर्यालले अघिल्लो वर्ष ६६ केजी बीउ ५० प्रतिशत अनुदानमा वितरण गरेको जानकारी दिनुभयो। व्यक्तिगत रुपमा बीउ वितरण गर्दा कम प्रभावकारी भएकाले अब सामूहिक रूपमा गर्ने उहाँको भनाइ छ। बीउमा छुट बाहेक गैडहवाका किसानले अरु केही सहयोग पाएका छैनन्।

तर प्रदेश ५ सरकारले यो वर्षबाट प्याज, लसुन, मिसन अभियान सञ्चालन गर्ने बताएको छ। प्रदेश ५ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका बरिष्ठ कृषि विकास अधिकृत श्रीधर ज्ञवालीले तराईका ६ जिल्लामा यो कार्यक्रम लागू हुने जानकारी दिनुभयो। 'नवलपरासीदेखि बर्दियासम्मको तराईमा मिसन नै सञ्चालन गर्छौं। पहाडी जिल्लामा सानो क्षेत्रमा लगाउनेहरूलाई पनि सहयोग गर्छौं।' उहाँले भन्नुभयो 'कार्यक्रमको लागि छिट्टै सूचना निकाल्छौं।' मिसनअनुसार प्याज खेती गर्ने व्यावसायिक कृषक समूहलाई प्रदेश सरकारले ७५प्रतिशत अनुदान दिने छ। त्यसको लागि किसानहरू मिलेर पाँच हेक्टर जग्गामा खेती गर्ने गरी समूह बनाउनुपर्ने हुन्छ। 'एउटा वडा अर्थात् जोडिएको वडाका किसानले मात्र त्यसरी समूह बनाउन सक्छन्।' उहाँले भन्नुभयो 'बजारसम्म लैजान र प्रविधि पुऱ्याउन सहज होस् भनेर समूहमा आउन भनेका हौं।' त्यसरी समूहमार्फत व्यावसायिक प्याज खेती गर्दा एउटा किसानले कम्तीमा ३ कठ्ठामा प्याज खेती गर्नुपर्ने हुन्छ। त्यसरी प्याजलसुन मिसन कार्यक्रम लागू गर्न कृषि ज्ञान केन्द्रले उत्पादन हुने ठाउँ हेरेर क्षेत्र तोक्ने छ। कार्यक्रम लागू भएका स्थानीय तहका किसानले ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्नुपर्ने हुन्छ। मन्त्रालय वरिष्ठ कृषि विकास अधिकृत ज्ञवालीले प्याजलसुन मिसनले व्यावसायिक रूपमा प्याज खेती गरेका लुम्बिनी क्षेत्रका किसानलगायत अन्य ठाउँका किसानलाई फाइदा पुग्ने बताउनुभयो।

सुन्दरहरैंचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
१ नं. प्रदेश, नेपाल

नदीजन्य पदार्थको बिक्रिका लागि विधुतिय बोलपत्र (E-Bid) आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०६/०८)

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ "क" र यस सुन्दरहरैंचा नगरपालिकाको आर्थिक ऐन २०७७ मा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन्न गरी सुन्दरहरैंचा नगरपालिकले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नं पर्ने भएको ले इच्छुक व्यक्ती, फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्दी कर दर्ता प्रमाणपत्र, आ.व.२०७६/०७७ को कर चुक्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि विधुतिय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीका लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको website: https://sundarharaichamun.gov.np मा हेर्नंहुन समेत सुचीत गरिन्छ।

सि. नं.	सूचना नं. / बोलपत्र नं.	बोलपत्रको नाम	उत्खनन् परिणाम (घन फिट)	न्युनतम बोलपत्र रकम (Without VAT) (रु.)	धरौटी रकम (रु.)	बोलपत्र फारम दस्तुर(रु.)
१.	SHM/MOR/ NCB/R/01/ 2077-078	सुन्दरहरैंचा नगरपालिका क्षेत्र अन्तर्गत वन क्षेत्र बाहेकका प्रारम्भिक वातावरणीय परिक्षण (IEE) भएका गछिया, खदम र बुढी खोलाका क्षेत्रहरुबाट उत्खनन् संकलन तथा घाटगद्दी हुने ढुंगा, गिट्टी, बालुवा तथा साधारण निर्माणमुखी पदार्थ संकलनर बिक्री गर्ने।	४८,८३,३३५।-	२,९३,००,०१०।-	कबोल अंकको ५ प्रतिशत	५०००।-

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले तीसौं दिन सम्म PPMO's को webisite https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिनेछ।
२. बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि. विराटचोकमा रहेको आन्तरिक राजश्व खाता नं. ०६०१५००११४७६३०१४६ मा जम्मा गरेको बैंक भौचरको scanned copy upload गर्न पर्ने छ।
३. बोलपत्र फारमहरु भरी ३१ औं दिनको १२:०० बजेसम्म PPMO's को website www.bolpatra.gov.np/egp मा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रकै अतिरिक्त, व्यक्ती, फर्म वा कम्पनी नवीकरण भएको प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाण पत्र तथा आर्थिक बर्ष ०७६/७७ को कर चुक्ताको नोटरि प्रमाणीत प्रतिलिपि, ठेक्का जमानतपत्र र अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नं पर्नेछ।
४. बोलपत्र फारम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट सँग लेखी तोकीएको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको खाता नम्वर ०६०१५०११४७६३००३० मा जम्मा गरेको सक्कलै बैक भौचर वा वाणीज्य बैकले यस कार्यालयको नाममा बोलपत्र नम्वर र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रीतपूर्वकको बैंक जमानत पत्र (बिड बन्ड) पेश गर्नं पर्नेछ। कबोल गरेको रकमको अक र अक्षरमा लेखिएको ब्यहोरा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ।
५. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाईएको, समयमा नआईपुगेको र रीत नपुगि दर्ता भएको बोलपत्र माथी कुनै कार्बाही गरिने छैन।
६. पेश भएको बोलपत्र स्वीकृत गर्ने वा अश्वीकृत गर्ने सम्पूर्ण अधिकार सुन्दरहरैंचा नगर कार्यपालिकाको कार्यालयमा रहने छ।
७. शिलबन्दी बोलपत्र फारम पेश गर्दा पालना गर्नं पर्ने अन्य शर्तहरु बोलपत्र फारमको अनुसूचीमा समावेश गरीएको छ।
८. खरीद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै बिवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरेको हुनु पर्नेछ।
९. एक फर्म वा संस्थाको नामबाट खरीद गरीएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।
१०. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनलाई पालना गर्नं पर्नेछ।
११. नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा वातावरण संरक्षण ऐन २०७७ तथा ढुंगा गिटी बालुवा (नदिजन्य पदार्थ) उत्खनन बिक्रि तथा व्यवस्थापन मापदण्डको पालना गर्नं पर्नेछ।
१२. यस सूचनाको अधिनमा रही खोलाजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा वा अन्य सामान्य निर्माण पदार्थ) मा मात्र बिक्रि शुल्क लिन पाईनेछ। प्रशोधन गरी रुप र स्वरुप परीवर्तन गरिएका प्रशोधित पदार्थहरुमा कूनै पनि शुल्क लिन पाईने छैन।
१३. यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।
१४. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ।
१५. बिस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नम्वर ०२१ ५४५०५० मा सम्पर्क गर्न सक्नु हुन छ।